मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

## "हाम्रो संस्कृति, हाम्रो गौरव"

नेपालीहरूको महान साँस्कृतिक पर्व दशैंको पहिलो दिन आज घटस्थापना । यस शुभ अवसरमा सम्पूर्ण कोशी प्रदेशबासी तथा सम्पूर्ण देश विदेशमा रहनुहुने नेपाली दिदीबहिनी एवम् दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आज घरघरमा जमरा राख्ने तथा घटको स्थापना गरेर घटस्थापना मनाइन्छ । सुख, समृद्धि र ऐश्वर्यको प्रतीक मानिने कलश स्थापना गर्ने दिन नवरात्रको पहिलो दिन अर्थात् घटस्थापना हो । घटलाई सुख, समृद्धि र ऐश्वर्य दायक तथा मंगलकारी मान्ने गरिएको छ ।

यसरी स्थापना गर्ने घटको मुखमा भगवान विष्णु, गलामा रुद्र एवम् महादेव, मूलमा ब्रह्मा तथा मध्यमा देवी शक्तिको निवास मानेर सोही अनुसार पूजा गर्ने गरिन्छ । नवरात्रिको समयमा ब्रह्माण्डमा उपस्थित शक्तिहरुको घटमा आह्वान गरेर उनीहरुलाई कार्यरत गर्ने गरिएको छ । यो घटको पूजा गर्नुले घरका सबै विपद्दायक तरंगहरू नष्ट भएर सुख,शान्ति र समृद्धि आउने धार्मिक विश्वास रहेको छ । आजको यस दिनले सबैमा उत्साह र उमंग छरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०८१ असोज १७ गते, बिहीबार ।

हिक्मतकुमार कार्की
मुख्यमन्त्री
मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np